म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- १३२ २०८० चैत २० गते मंगलबार 2 April 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षति हुनबाट बचाउनु हामी सबैको कर्तव्य हो । तसर्थ वन डढेँलो नियन्त्रण कार्यमा सहयोग गर्न हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

# राजनीतिक स्थिरता आवश्यकः उपनेता चित्रकार

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेस बामगती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले प्रदेशमा राजनीतिक अस्थिरता बढ्दै गएको भन्दै यसको निराकरणका लागि स्थिरताको आवश्यकता औंल्याउनु भएको छ । सोमबार बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको विश्वासको मतको विपक्षमा बोल्दै उहाँले केन्द्रमा भएको राजनीतिक परिवर्तनका कारण एउटै मुख्यमन्त्रीले तीन पटकसम्म विश्वासको मत लिनुपरेको लज्जास्पद अवस्था आएको बताउनुभयो ।

उपनेता चित्रकारले संविधानको कल्पना र वास्तविक कार्यान्वयनमा फरक देखिएको टिप्पणी गर्दै २०७२ सालमा संविधान निर्माण गर्दा दुई वर्षसम्म अविश्वासको प्रस्ताव नगर्ने व्यवस्था गरिएको भए पनि पछिल्लो समयमा त्यसको विपरित भएको बताउनुभयो । संसदले ऐन, नियम र निर्णय गरे पनि कार्यान्वयनमा समस्या देखिएको उहाँको गुनासो छ ।

नेपाली कांग्रेसले बागमती प्रदेशमा राम्रो काम गरिरहे पनि जनताको चाहना पूरा गर्न नसकेको चित्रकारको भनाइ छ । संघ र प्रदेशमा परिवर्तन आउँदा जनता निराश भएको र सरकार निर्माणका क्रममा सामाजिक सञ्जालमा विभिन्न टिप्पणी आएको पनि उहाँले बताउनुभयो । नेपाली कांग्रेस प्रमुख प्रतिपक्षको भूमिकामा रहेर सरकारको कामको मूल्यांकन गर्ने र प्रदेशमा विपक्षीको भूमिकामा रहेर मतदान गर्ने उहाँले जानकारी दिनुभयो ।

यस्तै, नेकपा एमाले बागमती प्रदेशका सचेतक मधुसुदन पौडेलले केन्द्रमा भएको राजनीतिक परिवर्तनसँगै प्रदेशमा पनि नयाँ राजनीतिक समीकरण बनेको बताउनुभएको छ । पौडेलले लोकतान्त्रिक गणतन्त्र र जनताको पक्षमा काम गर्नुपर्ने बताउनुभयो । विगतको निर्वाचनमा ५ दलीय गठबन्धन बनेपछि एमाले प्रतिपक्षमा रहेर एक्लै चुनाव लडेको र अहिले देशको विकासका लागि सरकारमा आएको दाबी गर्दै पौडेलले भन्नुभयो, 'जनताले कुनै पनि पार्टीलाई बहुमत दिएनन्, त्यसैले एमाले परीक्षणको घडीमा छ ।'

बागमती प्रदेशमा विगतमा बजेट निकासामा समस्या देखिए पनि आगामी दिनमा यो समस्या समाधान गरिने उहाँको विश्वास छ । वर्तमान राजनीतिक समीकरणले जनताको समस्या समाधान गर्ने र जनतालाई चित्त बुझाउने काम गर्नेछ भन्ने पनि पौडेलको दाबी छ । पौडेलले भन्नुभयो, 'सरकारले लोकतान्त्रिक गणतन्त्र र जनताको पक्षमा काम गर्नुपर्छ । विगतको निर्वाचनमा ५ दलीय गठबन्धन बनेपछि एमाले प्रतिपक्षमा रहेर एक्लै चुनाव लडेको थियो, तर अहिले देशको विकासका लागि सरकारमा आएका छौं ।'

राष्ट्रिय प्रजातन्त्र पार्टी बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले केन्द्रको सत्ता समीकरण परिवर्तन भएसँगै सरकारलाई तेस्रो पटक विश्वासको मत लिनुपरेको बताउनुभयो । उहाँले भन्नुभयो, 'सरकारले पहिलो पटक विश्वासको मत लिँदा १ सय ७ मत प्राप्त गरेको थियो भने दोस्रो पटकमा ६७ मत मात्र प्राप्त भयो । यसैले सरकारले के कस्ता काम गऱ्यो बुझ्नुपर्छ ।' १६ महिनामा ३ पटक विश्वासको मत लिनुपरेको अवस्था सिर्जना भएकाले ५ वर्षमा कति पटक विश्वासको मत लिनुपर्ने हो भन्ने प्रश्न पनि थापाले उठाउनुभयो ।

उहाँले भन्नुभयो, 'हिजोका दिनमा सरकारको विरोध गर्नेहरू नै आज सहमति भएपछि एकै ठाउँमा मिलेर बसेका छन्, यो कुन अवस्थामा बसेर राजनीति गरिएको हो भन्ने सबै राजनीतिक दलले बुझ्न आवश्यक छ ।' थापाले राप्रपालाई जनताले प्रदेशसभामा आफ्नो कुरा राख्न पठाएको भन्दै सरकारसँग जनताको ४० बुँदे माग प्रस्ताव गरेको बताउनुभयो । 'हिजोका दिनमा प्रतिपक्षलाई वास्ता नगर्ने सरकारले आवश्यक परेको बेला खोज गरेको छ, हामी सत्तामा नभई जनताको सुख-दुःखमा लागि परेका छौं', उहाँले भन्नुभयो । विगतमा जस्तो आगामी बजेटमा पनि पक्षपात नगर्न थापाले सरकारसँग आग्रह गर्नुभएको छ ।

यस्तै, नेकपा एकीकृत समाजवादी बागमती प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले संघीयता निर्देशित भएको आरोप लगाउनुभएको छ । सोमबारको प्रदेशसभा बैठकमा बोल्दै उहाँले प्रदेश सरकारको समीकरण केन्द्र निर्देशित हुँदा संघीयता धरापमा पर्न सक्ने बताउनुभयो । 'एउटै सरकारलाई एक वर्षमा तीन पटक विश्वासको मत दिनुपरेकाले यो सरकारलाई १० पटकसम्म विश्वासको मत दिनुपर्ने अवस्था आउन सक्छ', खनालले भन्नुभयो । केन्द्रमा गठबन्धन भत्किँदा प्रदेशमा भत्किने तर प्रदेशमा परिवर्तन हुँदा संघमा परिवर्तन नहुनुमा उहाँले टिप्पणी गर्नुभयो । सरकारले जनताको कामकाज गर्न ढिलाई गरेको भन्दै खनालले संसदीय अभ्यासमा प्रमुख प्रतिपक्षको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो । तर विगतका सरकारले प्रतिपक्षको सुझाव नसुनेको उहाँको आरोप छ ।

नेपाल मजदुर किसान पार्टीका बागमती प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज गोसाईले सरकारले जनतालाई झुक्याइरहेको आरोप लगाउनुभएको छ । सोमबारको प्रदेशसभा बैठकमा बोल्दै उहाँले सरकारले के गऱ्यो भन्ने प्रश्नमा जनतालाई जवाफ दिन नसक्को बताउनुभयो । 'सरकारले विनियोजित बजेटको अवस्था के छ भनेर बुझ्नुपर्छ', गोसाईले भन्नुभयो- 'विगत वर्षहरुमा बजेट निर्माणको समयमा घात-प्रतिघातको राजनीति भएको छ ।' नेपालमा नैतिकताको शंकट रहेको बताउँदै गोसाईले नेपाली समाजमा पैसा र पदको मनोरोग फैलिएकाले राजनीतिमा पनि यसको प्रभाव परेको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, 'वर्तमान समयमा नेपालमा भ्रष्टाचार र अविश्वासको स्थिति छ, सरकारले शब्दभन्दा पनि काम गरेर देखाउनुपर्छ ।' सरकारले प्रमुख प्रतिपक्षको भूमिका पनि नबुझेको गोसाईको आरोप छ । उहाँले सरकारलाई प्रतिपक्षको सुझाव सुन्न र लोकतान्त्रिक मूल्य मान्यता कायम राख्न आग्रह गर्नुभयो ।

# आमाको हत्या आरोपमा छोरा पक्राउ



समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगर पालिका-१०, तल्लो बिसिङ्खेलमा आमाको हत्या गरेको आरोपमा प्रहरीले २६ वर्षीय छोरा मिलन गमाललाई पक्राउ गरेको छ । घरायसी विवादका कारण ५० वर्षीया ज्ञानीमाया गमालको हत्या आरोपमा छोरालाई पक्राउ गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

गत फागुन ३० गते बिहान १० बजेको समयमा घरको ढोका बन्द रहेको र स्थानीयले बोलाउँदा घरको ढोका नखुलेको सूचनापश्चात् इलाका प्रहरी कार्यालय चित्लाङबाट खटिएको प्रहरी टोलीले स्थानीयको उपस्थितिमा ढोका खोली हेर्दा ज्ञानीमाया खाटमा सुतिरहेको अवस्थामा मृत फेला परेकी थिइन् ।

मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि टिचिङ अस्पताल पठाइएकोमा सोही दिन नै शव आफन्तले बुझी लगेका थिए । घटनाको थप अनुसन्धानको क्रममा खोज तथा स्थानीयसमेतको अनुसन्धानबाट ज्ञानीमायाका छोरा मिलनले घरायसी विवादको कारण कर्तव्य गरी मारेको खुल्न आएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय पालुङले मिलनलाई थाहा नगरपालिका-१० बाट नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
The Voice of Community

# मुख्यमन्त्री जम्कट्टेललाई तेस्रो पटक विश्वासको मत प्राप्त

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तेस्रो पटक विश्वासको मत प्राप्त गर्नुभएको छ । सोमबार बागमती प्रदेशसभा बैठकमा मुख्यमन्त्री जम्कट्टेलले आफूलाई प्रदेशसभाको विश्वास छ भनी नेपालको संविधानको धारा १८८ को उपधारा २ तथा प्रदेशसभा नियमावली २०७४ को नियम १४३ को उपनियम ४ बमोजिम राखेको प्रस्तावको पक्षमा ५६ मत प्राप्त गर्नुभएको हो ।

केन्द्रमा सत्ता समीकरण परिवर्तन भएसँगै नेपाली कांग्रेस सरकारबाट बहिरिएपछि मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत लिन परेको हो । मुख्यमन्त्री जम्कट्टेललाई नेकपा एमालेका २७, माओवादी केन्द्रका २१, नेकपा एकीकृत समाजवादीका ७ र हाम्रो नेपाली पार्टीका १ जना सांसदले विश्वासको मत दिएका थिए । नेपाली कांग्रेस र नेपाल मजदुर किसान पार्टीले मुख्यमन्त्री जम्कट्टेलको विपक्षमा मतदान गरेको थियो । विश्वासको मतका बेला राप्रपा तटस्थ बसेको छ ।

२०७९ पुस २५ मा मुख्यमन्त्री नियुक्त हुनुभएका जम्कट्टेलले सोमबार तेस्रो पटक विश्वासको मत लिनुभएको हो । पहिलो पटक मुख्यमन्त्री जम्मकट्टेलले २०७९ माघ ३ गते विश्वासको मत दिनुभएको थियो, जसमा उहाँलाई १०५ जना सांसदले विश्वासको मत दिएका थिए । त्यसको करिब २ महिनापछि सत्ता समीकरण परिवर्तन भएसँगै नेकपा एमाले प्रदेश सरकारबाट बाहिरिएको थियो । एमालेले समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री शालिकराम जम्कट्टेलले दोस्रो पटक २०७९ चैत १० गते विश्वासको मत लिँदा ६७ जना सांसदहरुले विश्वासको मत दिएका थिए ।

# बालक र वृद्ध मृत फेला

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको दुईवटा जिल्लामा बालक र वृद्ध मृत फेला परेका छन् । प्रदेशको दोलखा जिल्लामा एक जना बालक र चितवन जिल्लामा एक जना वृद्ध मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दोलखा जिल्लाको बैतेश्वर गाउँपालिका-१, बोहोरागाउँमा एक जना बालक मृत अवस्थामा फेला परेका छन् । मृत फेला पर्नेमा श्यामबहादुर तामाङको ३ वर्षीय छोरा समिर तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार बिहान ८ बजेर ३० मिनेटको समयमा बालक ओछ्यानमा सुतेको अवस्थामा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । शव मुचुल्कापश्चात् पोष्टमार्टमका लागि आफन्तले बुझिलगेको प्रहरीले जानकारी दिएको छ । चितवन जिल्लाको भरतपुर महानगरपालिका-१०, चौबीसकोटी एरयपोर्ट गेटमा एकजना पुरुषको शव फेला परेको छ । आइतबार नामथर नखुलेको अन्दाजी ६५ वर्षीय पुरुष व्यक्ति बाटोमा बिरामी अवस्थामा रहेको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटि गई उद्दार गरी उपचारका लागी भरतपुर अस्पताल लगेकोमा उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

**राष्ट्रिय सहकारी दिवसको शुभकामना**

"सहकारीमा सुशासनः प्रविधि र एकीकरण" भन्ने मूल नाराका साथ आज मनाईंदै गरेको ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सम्पूर्ण सहकारी अभियानकर्मी, सहकारीका सदस्यमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रभातफेरी सुरु हुने स्थान रोपवेको चौर हेटौंडा-१, चौकीटोल ओरालो बिहान ७:०० बजे
प्रवचन र सम्मान वितरण रोयल प्यालेस हेटौंडा-४ बिहान ८:३० बजे
दीप प्रज्वलन संघ/संस्थाहरुको कार्यालय परिसरमा साँझ ७:०० बजे

**आयोजक**
**६७ औं राष्ट्रिय सहकारी दिवस २०८०**
**मूल समारोह समिति, बागमति प्रदेश, हेटौंडा**

**राष्ट्रिय सहकारी दिवसको शुभकामना**

"सहकारीमा सुशासनः प्रविधि र एकीकरण" भन्ने मूल नाराका साथ आज मनाईंदै गरेको ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सम्पूर्ण सहकारी अभियानकर्मी, सहकारीका सदस्यमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । सहकारीमा सम्पूर्ण सदस्यको जिम्मेवारीपूर्ण सहभागिता र सक्रियताको अपेक्षा समेत गर्दछौं ।

**कल्पना श्रेष्ठ, अध्यक्ष**
**एवम् जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुर परिवार**
हेटौंडा, मकवानपुर

श्रमिक मा.वि.को इच्छा, गुणस्तरीय शिक्षा

**भर्ना खुल्यो**

**शैक्षिक सत्र २०८१ का लागि भर्ना खुल्यो**

"सबै बालबालिकाको विद्यालयमा सहभागिता,गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

यस विद्यालयमा पूर्ण अँग्रेजी माध्यमको Play Group, Nursery, KG, Class 1 to 8 र नेपाली माध्यमको कक्षा 1 देखि 9 सम्म भर्ना खुल्यो ।

भर्ना फारम वितरण मिति : २०८० चैत २० गतेबाट
नयाँ विद्यार्थी भर्ना मिति : २०८१ वैशाख ७ गतेबाट
प्रवेश परीक्षा मिति : २०८१ वैशाख ६ गते
कक्षा सञ्चालन मिति : २०८१ वैशाख ६ गतेबाट

**हाम्रा विशेषताहरु :**

- Audio-Visual Class को व्यवस्था ।
- PG कक्षाका बालबालिकाको हेरचाहका लागि आयाको व्यवस्था ।
- PG र Nursery कक्षाका लागि पर्याप्त Indoor खेल सामग्रीको व्यवस्था ।
- नेपाली र अङ्ग्रेजी माध्यमको लागि छुट्टै भवनको व्यवस्था ।
- वर्षे बिदामा समेत पठनपाठन गरी कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षाको व्यवस्था ।
- क्यान्टिनको व्यवस्थासहित कक्षा ५ सम्म निःशुल्क दिवा खाजाको व्यवस्था ।
- दक्ष एवम् तालिम प्राप्त शिक्षकबाट पूर्ण अङ्ग्रेजी माध्यममा पठनपाठनको व्यवस्था ।
- PG र Nursery कक्षाका विद्यार्थीको गतिविधि CCTV मार्फत् अभिभावकले घरबाटै निगरानी गर्ने व्यवस्था ।
- पर्याप्त तथा स्तरीय खेलमैदान र खेल सामाग्रीको व्यवस्था ।
  साप्ताहिक परीक्षाको व्यवस्था ।
- नियमित अतिरिक्त क्रियाकलापसहित उत्कृष्ट विद्यार्थीलाई पुरस्कारको व्यवस्था ।
- विद्यार्थीलाई Home-work डायरीको व्यवस्था ।
- वार्षिक कार्ययोजनासहितको क्यालेण्डर निर्माण गरी वितरणको व्यवस्था ।
- प्रशिक्षकसहितको Dance Class को व्यवस्था ।
- शान्त तथा बालमैत्री वातावरणमा अध्ययन अध्यापनको व्यवस्था ।
- शैक्षिक प्रदर्शनी तथा खेलकुद प्रतियोगितामा उत्कृष्ट नतिजा हासिल ।
- विद्यालय हातामा मनोरम पार्कसमेतको व्यवस्था ।
- अङ्ग्रेजी माध्यमको कक्षा ४ र ५ मा पहिलो भर्ना हुने ५ जनालाई निःशुल्क हाउस ड्रेसको व्यवस्था ।
- सार्वजनिक बिदामा समेत PG र Nursery को कक्षा संचालन ।

**श्री श्रमिक माध्यमिक विद्यालय**
हेटौंडा-४, कर्रा, स्थापित : २०२२
थप जानकारीका लागि सम्पर्कः
९७६५९५५५२२, ९८४५१०७४२८, ९८४५२८६५६५

## सम्पादकीय

# सहकारीको प्रभावकारी नियमन

६७ औं राष्ट्रिय सहकारी दिवस आज देशभर मनाइँदैछ । "सहकारीमा सुशासन: प्रविधि र एकीकरण" भन्ने नाराका साथ यसवर्षको राष्ट्रिय सहकारी दिवस मनाइँदैछ । संघ, प्रदेश तथा स्थानीय सरकारको अग्रसरतामा सहकारी दिवसमा विविध कार्यक्रम भइरहेका छन् । सहकारी संघसंस्थाहरुले पनि सहकारी दिवसको अवसरमा विभिन्न कार्यक्रम गरिरहेका छन् । बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र प्रदेश सहकारी विकास बोर्डसँगको सहकार्य एवम् मकवानपुर जिल्ला सहकारी संघको समन्वयनमा साताव्यापी कार्यक्रम गरेर सहकारी दिवस मनाइँदैछ । आज मंगलबार हेटौंडामा प्रभातफेरी, प्रवचन, पुरस्कार तथा सम्मान वितरण गर्दै सहकारी दिवस मनाइने भएको छ । मंगलबार साँझ बागमती प्रदेशभरका सहकारी संघसंस्थाहरुले दीपावली गरी सहकारी दिवस समापन गरिने कार्यक्रम तय भएको छ । बागमती प्रदेशमा चैत १४ गतेदेखि नै ६७ औं सहकारी दिवसको साताव्यापी कार्यक्रम सुरु भएको हो ।

नेपालमा सहकारी अभियान सुरु भएको दिनको सम्झनामा हरेक वर्ष राष्ट्रिय सहकारी दिवस मनाउने गरिन्छ । २०१३ साल चैत २० गते चितवनको बखानपुर (हाल शारदानगर)बाट बखानसिंह गुरुङको अगुवाईमा नेपालमा सहकारी अभियान सुरु भएको मानिन्छ । यही दिनको सम्झनामा चैत २० गतेलाई प्रत्येक वर्ष राष्ट्रिय सहकारी दिवस मनाउने गरिएको हो । नेपालमा सहकारी संस्था स्थापना भएको ७ दशक पुग्न लागेको छ । पञ्चायती शासनकालसम्म सहकारीको विकास निकै मन्द गतिमा भए पनि २०४६ सालको परिवर्तनपश्चात् सहकारीको विकास निकै तीब्र गतिमा भयो । सरकारले तीनखम्बे आर्थिक नीतिअन्तर्गत् निजी, सार्वजनिक र सहकारी तीन पक्षलाई राष्ट्रिय आर्थिक समृद्धिको मेरुदण्डको रुपमा स्वीकार गरेसँगै सहकारीको महत्व झन् बढ्दै गएको छ । अहिले देशभर ३० हजारको हाराहारीमा विभिन्न प्रकार र उद्देश्यका सहकारी संस्था छन् । तर, पछिल्लो समय विशेषगरी बचत तथा ऋण सहकारी संस्थाहरुमा अनेकौं समस्याका कारण सहकारीप्रति सदस्य र आम नागरिकको विश्वास कम हुँदै गएको छ ।

"सबैका लागि एक, एकका लागि सबै" भन्ने अवधारणाबाट विकास भएको सहकारी न्यून आय भएकाहरुका लागि निकै सहयोगी बनिरहेको छ । विशेषत: ग्रामीण क्षेत्रको गरिबी न्यूनीकरण र आर्थिक सशक्तिकरणमा सहकारीले योगदान दिँदै आएको छ । समुदायका स-साना बचतहरुलाई स्थानीय तहमा नै जम्मा गरी आवश्यक परेका बखत सरल प्रक्रियाबाट ऋण दिने कार्यले न्यून आयस्तर भएका तथा बैंकिङ क्षेत्रको पहुँच बाहिरका व्यक्ति र समुदाय प्रत्यक्ष लाभान्वित भई जीवनस्तर सुधारमा महत्वपूर्ण भूमिका निर्वाह भएको छ । सहकारीलाई धेरैले गरेको विश्वासलाई दुरुपयोग गर्दै कतिपय सहकारीका सञ्चालक तथा कर्मचारीले सहकारीको मूल्य मान्यताविपरित काम गरेर सर्वसाधारणलाई पीडा पनि दिएका छन् । पछिल्ला समय देशभर सहकारी पीडितको संख्या बढ्दै गएका छन् । ठूलो आर्थिक कारोबार गर्ने र देशव्यापी सञ्जाल बनाएका सहकारीका सञ्चालकले सहकारीको बचत अपचलन गरेर सहकारी सदस्य तथा बचतकर्तालाई बिचल्ली बनाइरहेका घटना एकपछि अर्को सार्वजनिक भइरहँदा सहकारी दिवसको औचित्य नै ओझेलमा पर्ने सम्भावना बढेको छ ।

सामान्य नागरिकको जीविकोपार्जन तथा देशको आर्थिक विकासको महत्वपूर्ण आधार बनेको सहकारीमा व्यथिति र विकृति बढ्न नदिन यसको प्रभावकारी नियमन हुनु आवश्यक छ । सहकारीलाई व्यवस्थित गर्न सरकार र सम्बन्धित निकाय गम्भीर बन्नुपर्छ । संघीय व्यवस्थाअनुसार सहकारी संस्था दर्ता, नवीकरण, नियमन आदि कार्य प्रदेश र स्थानीय तहमा आएका कारण पनि सहकारी नियमन फितलो बनिरहेको छ । बैंक तथा वित्तीय संस्था नियमन गर्ने केन्द्रीय बैंकजस्तै देशभरका सहकारी संस्था नियमनका लागि प्रभावकारी केन्द्रीय निकाय बनाउनुपर्ने अवस्था देखिएको छ । एकपछि अर्को सहकारीले शेयर सदस्य र बचतकर्ताको रकम दुरुपयोग गर्ने क्रमलाई रोक्न सहकारी दिवसमा सबै सहकारीकर्मीले सरकारसँग जोडदार माग गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : साहसी काममा मन जाने समय योग छ ।
**वृष** : अनावश्यक चिन्ता बढ्ने समय योग रहन्छ ।
**मिथुन** : प्रवृद्ध व्यक्तिको सहयोगले लाभ प्राप्त होला ।
**कर्कट** : भोग विलासका सामाग्री खरिद गर्दा लाभ होला ।
**सिंह** : परोपकार र दानपुण्यका क्षेत्रमा खर्च होला ।
**कन्या** : आफन्तका लागि समय दिनुपर्ने समय छ ।
**तुला** : कमी कमजोरी सुधार गर्दा राम्रो रहने योग छ ।
**वृश्चिक** : नियमित र व्यवहारिक खर्च बढ्न सक्छ ।
**धनु** : जिम्मेवारी र खर्चको बोझ बढ्ने समय छ ।
**मकर** : परिश्रम मुताबिक लाभ प्राप्त हुने योग छ ।
**कुम्भ** : सेवा भाव र दानपुण्यका क्षेत्रमा खट्नु पर्ला ।
**मीन** : कामलाई निरन्तरता दिँदा राम्रो रहने समय छ ।

# बोआओ फोरम, बीआरआई र नेपाल–चीन सम्बन्ध



शंकरमान सिंह




चीनको नौदिने भ्रमणमा रहेका उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले चिनियाँ समकक्षी परराष्ट्रमन्त्री वाङ यीसँग मंगलबार द्विपक्षीय भेटवार्ता गरेका छन् । औपचारिक द्विपक्षीय भेटअघि श्रेष्ठ र वाङबीच एक घण्टा वान टु वान भेटवार्ता भएको थियो । भेटमा दुवै पक्षबीच द्विपक्षीय सम्बन्धका बारेमा छलफल हुनुका साथै नेपालमा निर्माणाधीन चिनियाँ आयोजना समयमै सम्पन्न गर्ने सहमति भएको थियो । चिनियाँ पक्षले नेपाललाई बीआर आईअन्तर्गतका परियोजनाहरू चाँडो कार्यान्वयन गर्न आग्रह गरेको थियो र नेपाली पक्षले यसमा आफ्नो प्रतिबद्धता व्यक्त गरेको थियो ।

यसअघि हस्ताक्षर भएका 'बेल्ट एन्ड रोड इनिसिएटिभ्स' (बीआरआई) अन्तर्गतका आयोजना कार्यान्वयन गर्न नेपाल पक्ष प्रतिबद्ध भए पनि दुई नेताबीच बीआरआईअन्तर्गत निर्माण भइरहेका आयोजनाको कार्यान्वयनको मोडालिटीबारे छलफल भएको थियो । यसअघि प्रधानमन्त्री पुष्पकमल दाहालले बीआरआईअन्तर्गतका आयोजना सुरु गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए, जसका लागि मन्त्री श्रेष्ठको चीन भ्रमण तय भएको थियो । प्रधानमन्त्री दाहालले कर्जाको ब्याजदर १ प्रतिशतमा झार्नुपर्ने बताउँदै उक्त विचार त्यागे । चिनियाँ ऋणको ब्याजदर २ देखि ३ प्रतिशतसम्म रहेको र प्रधानमन्त्री दाहालले बीआरआईअन्तर्गत निर्माण हुने आयोजनालाई अनुदानमा परिणत गर्न नभई ब्याजदर १ प्रतिशतमा झार्नुपर्ने बताए ।

नेपालको अडानका कारण सात वर्षदेखि बीआरआईअन्तर्गतका आयोजना अलपत्र परेका छन् । यसअघि पनि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले बीआरआईअन्तर्गतका आयोजना कार्यान्वयनका लागि नेपालले ऋण लिन नसक्ने भन्दै अस्वीकार गरेका थिए । २०१७ मा नेपालले परियोजनाहरूमा हस्ताक्षर गर्‍यो र निर्माणका लागि नौवटा परियोजना स्वीकृत गर्‍यो । नेपालको अडान जेसुकै होस्, बीआरआईलाई नेपालमा लागू नगर्नका लागि प्रधानमन्त्री दाहालमाथि दिल्ली र वासिङ्टनबाट अत्यधिक दबाब रहेको गोप्य कारण भनिन्छ । पूर्वाधार आयोजना निर्माणमा ढिलाइ भए वार्षिक १० प्रतिशतभन्दा बढी लागत थपिनेछ । हाम्रा नेताहरूले यसतर्फ ध्यान दिएका छैनन् ।

यही बेला सुरु हुन लागेको बोआओ फोरम शिखर सम्मेलन-२०२४ मा परराष्ट्र मन्त्री श्रेष्ठ सहभागी नहुने कुरा सार्वजनिक भएको छ । एसियाका लागि बोआओ फोरम, एसियाली क्षेत्रमा संवाद र सहयोगका लागि प्रभावकारी मञ्चले दक्षिणी चीनको हाइनान प्रान्तमा अवस्थित बोआओको रमणीय रिसोर्ट सहरमा आफ्नो २०२४ वार्षिक सम्मेलन आयोजना गर्दैछ । विशेष गरी नेपालको परिप्रेक्ष्यमा यस महत्वपूर्ण घटनाको विश्लेषण गरौं ।

क्षेत्रीय प्रभाव: यसले एसियाली देशहरूका लागि छलफल, विचार आदान-प्रदान गर्न र सहयोग बढाउन महत्त्वपूर्ण प्लेटफर्मको रूपमा काम गर्छ । नेपालको सहभागिताले आफ्नो क्षेत्रीय प्रभाव बढाउन र कूटनीतिक सम्बन्धलाई बलियो बनाउन सक्छ । सम्मेलनले नेपाललाई आर्थिक साझेदारी अन्वेषण, विदेशी लगानी आकर्षित गर्न र अन्य एसियाली राष्ट्रहरूसँग व्यापार सम्बन्ध प्रवर्द्धन गर्ने अवसरहरू प्रदान गर्छ । नेपालले सफल आर्थिक मोडेल, प्राविधिक विकास र फोरममा साझा गरिएका उत्कृष्ट अभ्यासहरूबाट अन्तर्दृष्टि प्राप्त गर्न सक्छ ।

यसका कमजोरीहरूमा सीमित प्रतिनिधित्वअन्तर्गत नेपालको प्रतिनिधित्व कम अर्थतन्त्र र जनसंख्याका कारण सीमित हुन सक्छ । सक्रिय सहभागिता र दृश्यता सुनिश्चित गर्न आवश्यक हुनेछ । अन्तर्राष्ट्रिय सम्मेलनहरूमा भाग लिन यात्रा, आवास र सहभागिता शुल्कसँग सम्बन्धित लागतहरू समावेश हुने गर्छन् । नेपालले न्यायसंगत स्रोतसाधनको बाँडफाँड गर्नुपर्छ । अंग्रेजी सम्मेलनको प्राथमिक भाषा हो र नेपालको प्रवीणता फरक हुन सक्छ । प्रभावकारी सञ्चार महत्वपूर्ण छ ।

लगानी र व्यापार: नेपालले पर्यटन, जलविद्युत र कृषिजस्ता सम्भावित क्षेत्रहरू देखाएर प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) आकर्षित गर्न सक्छ । अन्य एसियाली देशहरूमा भएका सफल पूर्वाधार परियोजनाहरूबाट सिकेर नेपालको आफ्नै विकास पहलहरूलाई मार्गदर्शन गर्न सकिन्छ ।

जलवायु परिवर्तन र दिगोपन: जलवायु लचिलोपन र दिगो अभ्यासहरूमा छलफल नेपालको प्राथमिकतासँग मेल खान्छ । भूराजनीतिक तनावको सन्दर्भमा क्षेत्रीय तनावले फोरमको वातावरणलाई असर गर्न सक्छ । नेपालले यसलाई संवेदनशील रूपमा 'नेभिगेट' गर्नुपर्छ, यो कुन तहको सहभागिता हुन्छ, अन्य देशहरू पनि साझेदारीका लागि प्रतिस्पर्धा गर्छन् । नेपालले आफ्नो अद्वितीय मूल्य प्रस्ताव प्रस्तुत गर्नुपर्छ । सम्मेलनमा भाग लिनु मूल्यवान् छ, तर फलो-अप कार्यहरू पनि उत्तिकै महत्वपूर्ण छन् । नेपालले फोरमपछिको कार्यान्वयनको रणनीति बनाउनुपर्छ ।

अन्त्यमा, 'बोआओ फोरम-२०२४' मा नेपालको सहभागिताले क्षेत्रीय नेताहरूसँग संलग्न हुने, सफलताका कथाहरूबाट सिक्ने र एसियाको विकास र स्थिरतामा योगदान गर्ने अवसर प्रदान गर्ने अपेक्षा गर्न सकिन्छ । विगतलाई सरसरी हेर्दा, प्रधानमन्त्री पुष्पकमल दाहालले मार्चमा चीनमा हुने बोआओ फोरम फर एसियामा सहभागी नहुनु नेपालको निर्णय नभएको स्पष्ट पारेका थिए । राष्ट्रिय सभामा सोधिएको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्रीले काठमाडौंको कठिन राजनीतिक अवस्थाका कारण आफूलाई उक्त फोरममा सहभागी हुन नदिन चिनियाँ राजदूत चेन सोङले सुझाव दिएको बताएका थिए ।

बोआओ फोरम फर एसियाले २०२४ सम्मेलनको एजेन्डा सार्वजनिक गरेको छ । एसियाका लागि बोआओ फोरम (बीएफए) ले चीनको दक्षिणी हाइनान प्रान्तको बोआओ सहरमा मार्च २६ देखि २९ तारिखसम्म आयोजना हुने आफ्नो सन् २०२४ को वार्षिक सम्मेलनको एजेन्डा सार्वजनिक गरेको छ । यो सम्मेलन विशेष गरी एसियामा केन्द्रित हुने, एसियामा लगानी, एसियामा वित्तीय सहयोगलाई प्रगाढ बनाउने र एसियालाई विकासको केन्द्र बनाउने प्रयास जस्ता विषयको विस्तृत दायरालाई समेट्नेछ ।

एसिया केन्द्रित विषयमा लगानीकर्ताको आत्मविश्वास बढाउन, लगानीको 'इकोसिस्टम'मा सुधार र विदेशी लगानीको आकर्षण बढाउने, वास्तविक अर्थतन्त्रलाई प्रवर्द्धन गर्न एसियामा वित्तीय सहयोगलाई अगाडि बढाउने र एसियाली राष्ट्रहरूबीच औद्योगिक तथा आपूर्ति शृंखलाको सहयोगलाई सुदृढ गर्ने विषयमा छलफल हुने अपेक्षा गरिएको छ । एजेन्डाले एआई, नयाँ ऊर्जा वाहनहरूको भविष्य र उच्च गुणस्तरको 'बेल्ट एन्ड रोड कोअपरेसन' जस्ता विषयहरूमा छलफलको व्यवस्था पनि गर्छ, वक्ताहरूले प्राविधिक क्रान्तिको महत्वपूर्ण क्षण कहिले र कहाँ हो, एआईजीसीले ल्याएका परिवर्तनहरूबारे छलफल गर्ने अपेक्षा गरिएको छ ।

अर्थतन्त्र र मानवताको जीवनशैली, यसले ल्याउने जोखिम र विश्वव्यापी एआई शासन पनि नेपालका लागि महत्त्वपूर्ण हुनेछ । हाइनान टापु प्रान्तमा आयोजित यस वर्षको सम्मेलनमा नयाँ ऊर्जा सवारी साधनको वृद्धिमा प्यानल छलफल एजेन्डामा समावेश गरिएको छ । विगत एक दशकमा पूर्वाधार, प्रविधि, मापदण्ड, नियम र सञ्चालनको जडानलाई गहिरो बनाउन बेल्ट एन्ड रोड इनिसिएटिभको फलदायी नतिजाका सन्दर्भमा वक्ताहरूले 'डिजिटल सिल्क रोड' लाई संयुक्त रूपमा कसरी निर्माण गर्ने भन्ने विषयमा छलफल गर्नेछन् । चीन र नेपाल परम्परागत मित्र, छिमेकी र रणनीतिक सहकारी साझेदार हुन् ।

६९ वर्षअघि यी दुई देशले कूटनीतिक सम्बन्ध स्थापना गरेदेखि अन्तर्राष्ट्रिय वा क्षेत्रीय परिस्थिति जस्तोसुकै विकसित भए तापनि चीन-नेपाल सम्बन्धले सुदृढ र स्थिर प्रगति कायम राखेको छ । यी दुई देशले आ-आफ्ना मूल हितका मुद्दाहरूमा एकअर्कालाई समझदारी र समर्थन गरेका छन्, जसले यस सम्बन्धलाई विभिन्न आकारका देशहरूबीच समानता र 'जित-जित' सहयोगको राम्रो उदाहरण बनाएको छ । हालैका वर्षहरूमा, हाम्रा दुई छिमेकी देशले बारम्बार उच्चस्तरीय आदानप्रदान, आर्थिक र सांस्कृतिक क्षेत्रमा सञ्चार तथा सहयोगलाई बढाएका छन् र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मामिलामा घनिष्ठ समन्वय र सहयोग कायम गरेका छन् ।

चीन नेपालसँग रणनीतिक पारस्परिक विश्वासलाई गहिरो बनाउन, व्यावहारिक सहयोग विस्तार गर्न, उच्च गुणस्तरको बेल्ट एन्ड रोड सहकार्यलाई अगाडि बढाउन र रणनीतिक सहकारी साझेदारीलाई नयाँ उचाइमा पुर्‍याउन नेपालसँग काम गर्न तयार रहेको छ । चीन र भारतको शासन प्रणाली फरक र विश्वव्यापी राजनीतिमा फरक दृष्टिकोण भए पनि यी दुई ठूला शक्तिलाई व्यवस्थापन गर्न नेपाली नेताहरूलाई कठिन कार्य भएको छ । नेपाल आफ्नै आन्तरिक बाध्यताका कारण विकासका लागि छिमेकी मुलुकमा निर्भर छ ।

यस क्षेत्रमा भारत लामो समयदेखि संलग्न रहे पनि हालका वर्षहरूमा विकास क्षेत्रमा चीनको प्रवेशलाई आमजनताले राम्रोसँग ग्रहण गरेका छन् । एकातिर 'ऋणको जाल' र अर्कातिर भारतसँगको सम्बन्ध जटिल । यस पटक नेपाली परराष्ट्र मन्त्रीको भ्रमणमा चीनले चिनियाँ राष्ट्रपति सीको नेपाल भ्रमणका क्रममा भएका सम्झौता र विगतमा नेपालसँग भएका समझदारीका कार्यान्वयनका बारेमा छलफल केन्द्रित गर्नेछ ।

राष्ट्रपति सी नेपाल भ्रमणमा भएका बेला भएका २० बुँदे सम्झौता: नेपाल सरकार र चीनबीच सीमा व्यवस्थापन प्रणालीमा सम्झौता, नेपाल सरकार र चीनबीच सुशासन क्षमता विकासमा आदानप्रदान तथा सहयोगसम्बन्धी समझदारी, आपराधिक मामिलामा पारस्परिक कानुनी सहायतासम्बन्धी सन्धि, सगरमाथा संरक्षण सहकार्यसम्बन्धी समझदारी, नेपालको योजना आयोग र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीच उत्पादन क्षमतामा लगानी र सहकार्यमा मुख्य परियोजनाहरूको प्रवर्द्धनसम्बन्धी समझदारी, छेङ्दुमा नेपालको महावाणिज्य दूतावासको स्थापना गर्न नोट आदान-प्रदान, नेपालको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र चीनको यातायात मन्त्रालयबीच चीन-नेपाल सीमापारि रेलवे परियोजनासम्बन्धी समझदारी, काठमाडौं महानगरपालिका र चीनको नान्जिङ सहरबीच भगिनी सम्बन्ध स्थापना गर्ने सम्झौता, बुटवल उपमहानगरपालिका र सियान सहरबीच भगिनी सम्बन्ध स्थापना गर्ने सम्झौता, नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र परम्परागत चिनियाँ औषधि प्रशासनबीच परम्परागत औषधिमा सहयोगसम्बन्धी समझदारी छन् ।

साथै, नेपालको गृह मन्त्रालय र चीनको विपद् व्यवस्थापन मन्त्रालयबीच विपद् जोखिम न्यूनीकरण तथा आपत्कालीन सहयोगसम्बन्धी समझदारी, नेपालको महान्यायाधिवक्ता कार्यालय र चीनको सुप्रिम पिपुल्स प्रोक्युरेटरबीच सहकार्यको समझदारी, त्रिभुवन विश्वविद्यालय र चीनको कन्फ्युसियस इन्स्टिच्युट मुख्यालयबीच त्रिविमा कन्फ्युसियस इन्स्टिच्युट स्थापना गर्ने सम्झौता, नेपालको कृषि मन्त्रालय र चीनको भन्सार विभागबीच अमिलो फलफूलको गुणस्तर मापनसम्बन्धी फाइटोसेनेटरी प्रोटोकल, नेपालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र चीनको वाणिज्य मन्त्रालयबीच व्यापारसम्बन्धी संयुक्त कार्यदल गठनको समझदारी, चीनको सहयोगमा नेपालमा भइरहेको भूकम्पपछिको पुनर्निर्माण परियोजनाको निरीक्षणको डेलिभरी एन्ड एक्सेप्टेन्स प्रमाणपत्र, नेपालको अर्थमन्त्रालय र चीनको वाणिज्य मन्त्रालयबीच लगानी सहकार्य कार्यदल गठनको समझदारी, नेपालको अर्थमन्त्रालय र चीनको अन्तर्राष्ट्रिय विकास सहकार्य निकायबीच सुरुङमार्ग निर्माण सहकार्यको समझदारी, सीमा सुरक्षा उपकरण तथा कार्यालय उपकरणसम्बन्धी पत्र आदान-प्रदान, काठमाडौं उपत्यकामा चीनको सहयोगमा महानगरीय खानेपानी आपूर्ति सुधार परियोजनाको सम्भाव्यता अध्ययनको बैठकको टिपोट आदि प्रमुख छन् ।

बढ्दो भारत-अमेरिका साझेदारी, अमेरिका-चीन प्रतिद्वन्द्वी र घट्दै गएको भारत-चीन सम्बन्धको पृष्ठभूमिमा चीनसँगको सम्बन्धलाई निरन्तरता दिन नेपालसामु कठिन काम छ । आफ्नो स्वार्थ जोगाउनका लागि विकसित क्षेत्रीय र विश्वव्यापी भूराजनीतिको अनुभूतिपूर्वक मूल्यांकन गर्न र दुई छिमेकीसँग प्रभावकारी र कुशल कूटनीतिको माध्यमबाट देशहरूबीचको सम्बन्धको प्रतिकूल चक्रव्यूहमा नपरेर व्यवहार गर्न आवश्यक छ, नेपालले आफ्नो प्रगति र विकासका लागि महत्त्वपूर्ण सम्बन्ध राख्नु जरुरी छ ।

....बाँकी पृष्ठ ३ मा



नयाँ शैक्षिक सत्रको तयारी: हेटौंडा उपमहानगरपालिका-१५, फायरलाइनस्ति वनदेवी आधारभूत विद्यालयका शिक्षकहरु नयाँ शैक्षिक सत्रका लागि शैक्षिक सामग्री निर्माण गर्दै । नयाँ शैक्षिक सत्रको तयारीस्वरुप मकवानपुरका सामुदायिक विद्यालयका व्यवस्थापन समिति, शिक्षक, अभिभावक क्रियाशील छन् ।

# ६७ औं सहकारी दिवस आज मनाइँदै

समाज संवाददाता

हेटौंडा: 'सहकारीमा सुशासन: प्रविधि र एकीकरण' भन्ने नाराका साथ यसवर्षको राष्ट्रिय सहकारी दिवस आज मंगलबार मनाइँदैछ । बागमती प्रदेशमने संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र प्रदेश सहकारी विकास बोर्डसँगको सहकार्य एवम् मकवानपुर जिल्ला सहकारी संघको समन्वयनमा दिवसको अवसरमा साताव्यापी कार्यक्रम भइरहेको छ ।

प्रत्येक वर्ष चैत २० गते राष्ट्रिय सहकारी दिवस मनाउने गरिएको छ । साताव्यापी सहकारी दिवस कार्यक्रम आज मंगलबार समापन हुँदैछ। मंगलबार बिहान ७ बजे हेटौंडा-१, चौकीटोलको रोपवे चौरबाट प्रभातफेरी सुरु भई रोयल प्यालेसमा पुगेर दिवसको समापन कार्यक्रम हुने जिल्ला सहकारी संघ मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठले बताउनुभयो । मंगलबार प्रवचन, पुरस्कार तथा सम्मान वितरण गरिने र साँझ बागमती प्रदेशभरका सहकारी संघसंस्थाहरुले दीपावली गरी सहकारी दिवस समापन गरिने उहाँले बताउनुभयो ।

बागमती प्रदेशस्तरीय ६७ औं सहकारी दिवस मुल समारोह समिति गठन गरी गत बुधबारदेखि नै सहकारी दिवसका कार्यक्रम सुरु गरेको थियो। समितिले बागमती प्रदेशभरका सहकारी संघसंस्थाहरुले सहकारी दिवसलाई प्रभावकारीरुपले सञ्चालन गर्न निर्देशनसमेत दिएको थियो । मूल समारोह समितिको कार्यक्रमअन्तर्गत चैत १४ गते प्रदेशभरका सबै सहकारी संघसंस्थाको कार्यालयमा ६७ औं सहकारी दिवसको नारासहितको ब्यानर राखिएको थियो । यस्तै, १५ गते 'ऋण लगानी तथा असुलीका कानुनी प्रावधान र सरोकारवालाहरुको भूमिका' विषयमा सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापकहरुसँग अन्तरक्रिया कार्यक्रम, १६ गतेदेखि १९ गतेसम्म सहकारी संघसंस्थाहरुले सहकारी दिवसलक्षित कार्यक्रमहरु सञ्चालन गरिएको थियो ।

# बागमतीमा रमा आले मन्त्री नियुक्त

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशमा नेकपा एकीकृत समाजवादीकी सांसद रमा आले मगर मन्त्री नियुक्त हुनुभएको छ । सोमबार साँझ मुख्यमन्त्री शालिकराम जम्कट्टेलले आलेलाई बिनाविभागीय मन्त्री नियुक्त गरेको मुख्यमन्त्री कार्यालयले जनाएको छ ।

आलेलाई मंगलबार बिहान ९ बजेलाई शपथग्रहण गराउने गरी समय व्यवस्थापन गरिएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ। सांसद आलेलाई अहिले बिनाविभागीय मन्त्रीका रुपमा सपथ गराउने र एक साताभित्र विभागीय जिम्मेवारी दिइने मुख्यमन्त्री कार्यालय श्रोतले जनाएको छ ।

सांसद आले एकीकृत समाजवादीका तर्फ प्रदेशमा प्रत्यक्ष निर्वाचित सांसद हुनुहुन्छ । उहाँ गत मंसिर ४ मा सम्पन्न निर्वाचनमा काठमाडौं प्रतिनिधिसभा क्षेत्र नम्बर १० को प्रदेश 'ख' बाट निर्वाचित हुनुभएको हो । सांसद आलेले आफूलाई बिनाविभागीय मन्त्री नियुक्त गरिएको र एक साताभित्र मन्त्रालयको टुंगो लगाउने मुख्यमन्त्रीबाट आश्वासन पाएको जानकारी दिनुभयो ।

# बोआओ फोरम...

### कनेक्टिभिटी: मूल एजेन्डा

कनेक्टिभिटी अझै खासै नेपालजस्तो देशका लागि झन् महत्वपूर्ण छ । हामी कनेक्टिभिटीको कुरा गरिरहेको छौं, केवल भौतिक कनेक्टिभिटी, विचारको कनेक्टिभिटी, ट्रेडको कनेक्टिभिटी, मान्छेको कनेक्टिभिटी, फाइनान्सको कनेक्टिभिटी र कनेक्टिभिटीको सम्पूर्ण आयामका बारेमा समेत कुरा गरिरहेका छौं । राष्ट्रपति शी जिनपिङले लिएको यो अत्यन्त महत्वपूर्ण पहलमा नेपालको सहभागिता रहेको छ ।

केरुङ-काठमाडौं रेलवे परियोजना र अन्यमा तीव्र गति लिने अपेक्षा गरिएको छ । केरुङ-काठमाडौं-पोखरा रेलवे र केरुङ-काठमाडौं-लुम्बिनी रेलमार्गको पूर्वसम्भाव्यता भएका छलफल महत्वपूर्ण छन् । बोआओ फोरम, नेपालका लागि फाइदा र नोक्सानका बारेमा विचार गर्दा, यसका प्रमुख लाभ र चुनौतीहरु निम्नलिखित छन् ।

अन्तर्राष्ट्रिय फोरममा प्रतिष्ठान: बोआओ फोरम एक अन्तर्राष्ट्रिय फोरम हो, जसमा विश्वका विभिन्न देशको प्रतिष्ठान छ । यसले नेपाललाई विश्वमा प्रमुख रुपमा प्रस्तुत गर्छ र अन्य देशहरुसँग सम्बन्ध बढाउँछ । अर्थतन्त्रको विकासका लागि मौका हो: बोआओ फोरमले अर्थतन्त्रको विकासका लागि विचार विमर्श गर्छ र अन्य देशहरूसँग सहमति प्राप्त गर्छ । यसले नेपालको अर्थतन्त्रमा नयाँ अवसर प्रदान गर्छ। *(स्रोत: कारोबारदैनिक)*

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

**!! भर्ना खुल्यो !**

**सुरक्षा, संस्कार र शिक्षा**




## द सहारा लोन सेविंग्स को-आँपरेटिभ सोसाईटी लि.सेवा केन्द्र हेटौडा, मकवानपुर

### ऋणीहरुको नामको ३५ (पैंतीस) दिने म्याद पूर्जी

*सूचना प्रकाशित मिति २०८०/१२/२० गते*

तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले यस संस्थाबाट निम्न उद्देश्यको लागि लिनु भएको ऋणको भाखा नाघि सकेको हुँदा सो ऋण बुझाउन पटक पटक ताकेता पत्र पठाई सकिएकोमा हाल सम्म पनि सो ऋण र समय समयमा बुझाउनु पर्ने ब्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम १ को खण्ड (क) बमोजिम यो ३५ (पैतिस) दिने म्याद पुर्जी जारी गरिएको छ। उक्त म्याद पुर्जी पाएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र ऋणको साँवा र बुझाउने दिन सम्मको ब्याज हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला । यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला । तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरिसकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावली बमोजिम लिलाम विक्री गरि ऋण रकम, ब्याज हर्जाना र लिलाम विक्री गर्दा लागेको सम्पूर्ण खर्च समेत तपाई बाट असुल उपर गरिने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**तपसिल**

| सि.न. | ऋणी संख्या | ऋणीको नाम थर | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | ऋणको उद्देश्य | २०८०/१२/१९ गतेसम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बाँकी साँवा | ब्याज हर्जाना |
| १ | ०१२४१०००००२४ | प्रेम नाथ महतो | बुद्धन महतो कोईरी | लोचन कोईरी | जि. धनुषा नक्टाझील- ६, हाल जि. मकवानपुर, हेटौडा न.पा. वाड नं.१० | व्यक्तिगत | १,०००,०००।०० | ६३४,३५६।८२ |
| २ | ०१२४१००००६१ | कान्छी लामनी | मान वहादुर लामा | छवाङ लामा | जि. मकवानपुर पदमपोखरी-४, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १२ | व्यक्तिगत | ४९५,०००।०० | १८७,०८६।२१ |
| ३ | ०१२४१००००६९ | सुरेश रुम्बाकृष्ण | बहादुर रुम्बा | सिंह विर | जि.मकवानपुर चुरियामाई-७, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १५ | व्यक्तिगत | १,०००,०००।०० | ३९८,६२६।१९ |
| ४ | ०१२४१००००७४ | सुमित्रा अधिकारी | सन्तोष प्रसाद खतिवडा | हरि प्रसाद शर्मा खतिवडा | जि. मकवानपुर,बसामाडी-५ हाल हेटौडा उ.मा.न.पा. वाड नं. ३ | व्यक्तिगत | ९७९,५२६।०० | ५६८,६७९।६२ |
| ५. | ०१२४१००००८३ | सम्बू लाल थिङ तामाङ | मान बहादुर थिङ | दुध बहादुर तामाङ | जि.मकवानपुर चुरियामाई-२, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १४ | व्यक्तिगत | ७७४,६९२।०० | ३०४,७८०।०४ |
| ६. | ०१२४१०००१०३ | भिमसेन आले मगर | कृष्ण बहादुर आलेमगर | भुपाल आले मगर | जि.मकवापुर, हेटौडा उ.म न.पा.वाडनं. ९ | व्यक्तिगत | ६४९,३५८।०० | १६०,३२८।१८ |
| ७. | ०१२४१०००१०९ | सिंह वहादुर रुम्बा | सुर्य बहादुर रुम्बा | काजीमान रुम्बा | जि.मकवानपुर चुरियामाई-८, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १५ | व्यक्तिगत | १,०००,०००।०० | २७२,७३९।९९ |
| ८. | ०१२४१०००११४ | प्रेम वहादुर थिंङ जित बहादुर थिङ | दोर्जे बहादुर | जि. मकवानपुर | पदमपोखरी-३, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १३ | व्यक्तिगत | ९८७,३३६।०० | ४५४,५७४।०० |
| ९. | ०१२४१०००११५ | सर्मिला मोक्तान सुनिल मोक्तान | कृष्ण मोक्तान | जि.मकवानपुर | चुरियामाई-८, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १५ | व्यक्तिगत | ९२८,७६३।०० | ३५१,६२६।३५ |
| १०. | ०१२४१०००१२४ | ओम प्रसाद श्रेष्ठ सन्त लाल | विष्णुमान | जि.मकवानपुर | पदमपोखरी-५, हाल हेटौडा उ.म.न.पा.वाड नं. १२ | व्यक्तिगत | ९७७,८९०।०० | २८७,३४०।९० |
| ११. | ०१२४१०००१३० | मान वहादुर स्याङतान | अकल बहादुर स्याङतान | श्रीमान स्याङतान | जि.मकवानपुर चुरियामाई-८, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १५ | व्यक्तिगत | ९९६,९७८।०० | ३६६,६६३।१८ |
| १२. | ०१२४१०००१३७ | सोम माया तमाङ | धन बहादुर तामाङ | आईते तामाङ | जि.मकवानपुर चुरियामाई-७, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १५ | व्यक्तिगत | ८८९,०००।०० | १५५,३१३।९० |

नोट:- १) साँवा तिर्न नसक्ने ऋणीहरुले व्याज तथा हर्जाना बुझाई ऋण नवीकरण गराउनु हुन जानकारी गराईन्छ ।
२) ऋणको धितो बापत जग्गा धितोमा दिने मन्जुरनामावालाहरुले समय भित्र ऋण चुक्ता गर्न लगाउने व्यवस्था गर्नु होला अन्यथा धितो लिलाम हुने व्यहोरा जानकारी गराईन्छ ।
३) राखेको धितोबाट संस्थाको सम्पूर्ण बाँकी रकम अशुल उपर नभएमा अन्य जायजेथाबाट समेत रकम अशुल उपर गरिने छ ।

**द सहारा लोन सेविंग्स को-आपरेटिभ सोसाईटि लिमिटेड**

**सेवा केन्द्र हेटौडा, मकवानपुर**

**फोन नं. ०५७-५२६७५५**

# मकवानपुरमा यु-१३ का खेलाडी छनोट सुरु




*यु-१३ छनोट कार्यक्रममा सहभागी हुने किशोर खेलाडीहरु ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले यु-१३ का लागि टिम छनोट सुरु गरेको छ। सोमबारबाट हेटौंडा-१० स्थित वन विज्ञान क्याम्पसको चौरमा टिम छनोट सुरु गरेको हो ।

छनोट कार्यक्रमको पहिलो दिन मकवानपुरको विभिन्न पालिकाहरुबाट २ सय जनाभन्दा बढी किशोर खेलाडी सहभागी भएको जिल्ला फुटबल संघका उपाध्यक्ष तथा छनोट कार्यक्रमका संयोजक युवराज लामाले जानकारी दिनुभएको छ।१३ वर्ष उमेर समूहका किशोर खेलाडी उत्पादन गर्नका लागि एन्फाले विभिन्न जिल्लाहरुलाई छनोट कार्यक्रम गर्न निर्देशन दिएको उहाँले बताउनुभयो ।

प्रतियोगितामा जिल्लाबाट फुटबल खेलप्रति रुचि भएका खेलाडीहरुको सहभागिता रहेको छ। छनोटमा सहभागी भएका खेलाडीहरुमध्ये प्रारम्भीक छनोटमा पर्ने २५ जना खेलाडीलाई प्रदेशस्तरीय छनोट प्रतियोगितामा सहभागी गराइने उहाँले बताउनुभयो । २५ जना खेलाडीहरुलाई प्रारम्भीक सूचीमा राख्ने लक्ष्य लिएको बताउनुहुँदै संयोजक लामाले भन्नुभयो- 'हामीले भोलि २५ जना खेलाडी छनोट गर्ने लक्ष्य लिएका छौँ । २५ जनाभन्दा बढी खेलाडीहरु छनोटमा परेमा पर्सीसम्ममा २५ जनाको नाम सार्वजनिक गर्छौं ।'

मकवानपुर जिल्लाका एन्फाका प्रशिक्षक विजयलाल श्रेष्ठले खेलाडीहरुको प्रदर्शनीको आधारमा छनोट गर्नुहुनेछ । छनोटमा पर्ने खेलाडीहरुलाई श्रेष्ठकै नेतृत्वमा प्रशिक्षण दिइने जनाइएको छ ।

जिल्लाबाट छनोट हुने किशोर खेलाडीहरुले चैत २४ गतेदेखि ३० गतेसम्म हुने प्रदेशस्तरीय छनोट प्रतियोगितामा सहभागी हुँदै अन्तिम चरणको छनोट प्रतियोगितामा सहभागी हुन पाउने छन् । प्रदेशस्तरीय छनोट प्रतियोगितामा प्रदेशको १३ वटा जिल्लाका किशोर खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ । अन्तिम चरणमा छनोट हुने खेलाडीहरुलाई एन्फाले ३ वर्ष प्रशिक्षण दिनेछ ।

महिलाको छनोट कार्यक्रम बुधबार हुनेछ । प्रतियोगितामा सहभागी हुन खेलाडीहरुको जन्ममिति वि.स. २०६६ सालदेखि २०६८ सालसम्म हुनुपर्ने एन्फाले जनाएको छ । एन्फामा आवद्ध भएका जिल्लाहरुलाई छनोट कार्यक्रम गर्न निर्देशन दिइएको हो ।

# ज्ञानदा र अमर माविमा नयाँ भर्नाको तयारी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१ स्थित अमर मावि र हेटौंडा- १० स्थित ज्ञानदा माविमा आगामी शैक्षिक सत्रका लागि विद्यार्थी भर्नाको तयारी सुरु भएको छ। कक्षा ९ सम्मका वार्षिक परीक्षाको नतिजा प्रकाशन गर्ने र भर्ना अभियान सुरु गर्ने चरणमा रहेको दुबै विद्यालयका प्रधानाध्यापहरुले बताउनुभएको छ।

अमर माविमा वार्षिक परीक्षा दिएका बाल कक्षादेखि कक्षा ९ सम्मका विद्यार्थीहरुको नतिजाको लागि अन्तिम तयारी भइरहेको छ। यसअघि विद्यालयले चैत २५ गते आइतबार परीक्षाको नतिजा प्रकाशन गर्ने भनेको थियो। तर, विद्यालयमा माध्यमिक शिक्षा परीक्षा (एसईई) को परीक्षा केन्द्र परेकाले दुई दिन पछि मंगलबार परीक्षाको नतिजा प्रकाशन गर्ने तयारीमा विद्यालय रहेको विद्यालयकी प्रधानाध्यापक मालती उप्रेतीले जानकारी दिनुभयो ।

गत वर्षको नतिजाभन्दा यस वर्ष विद्यार्थीहरुको नतिजा राम्रो आउने उहाँको भनाइ छ। विद्यालयले परीक्षाको नतिजा प्रकाशन गरिसकेपछि विद्यालय व्यावस्थापन समिति र शिक्षकहरुको बैठक बसेर नयाँ शैक्षिक सत्रको योजना बनाउने र सोही योजनाअनुसार अघि बढ्ने प्रधानाध्यापक उप्रेतीले बताउनुभयो । विद्यालयमा बैशाख २ गते आइतबारदेखि विद्यार्थीहरुको नयाँ भर्ना सुरु हुने उहाँले बताउनुभयो। उहाँले विद्यालयमा विपन्न, जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृत्तिको पनि व्यवस्था गर्ने बताउनुभयो ।

यस्तै, ज्ञानदा माविमा पनि बाल कक्षादेखि ९ कक्षासम्मको विद्यार्थीहरुको वार्षिक परीक्षाको नतिजा सार्वजनिक गरी भर्ना अभियान सुरु गर्ने तयारी भएको छ। आगामी चैत २९ गते बिहीबार वार्षिक परीक्षाको नतिजा प्रकाशन गर्ने तयारी भएको विद्यालयका प्रधानाध्यापक रमेश सुवेदीले बताउनुभयो । गत वर्षको नतिजाभन्दा यस वर्षको नतिजा राम्रो रहेको उहाँको भनाइ छ।

विद्यालयले भर्ना अभियानअन्तर्गत् पहिलो चरणमा घरदैलो कार्यक्रम गर्ने प्रधानाध्यापक सुवेदीले बताउनुभयो । उहाँले चैत २६ र २७ गते वडा कार्यालयको सहयोग र समन्वयमा भर्ना अभियानका लागि वृहत् कार्यक्रम हुन लागेको बताउनुभयो । विद्यालयमा आगामी वर्षदेखि कक्षा १ देखि ५ सम्म अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने र कक्षा ८ मा अंग्रेजी र नेपाली दुबै माध्यमबाट कक्षा सञ्चालन हुने पनि उहाँले बताउनुभयो । विद्यालयमा डेस्कबेन्चमा सुधार गर्नुपर्ने र विद्यालयको प्रत्येक कक्षामा डिजिटल स्मार्ट टिभी ल्याउनका लागि प्रयास गर्ने योजनामा रहेको प्रधानाध्यापक सुवेदीले बताउनुभयो ।

# विपद् व्यवस्थापनबारे अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ५ ले वडाबासीका लागि विपद् व्यवस्थापनसम्बन्धी अभिमुखीकरण गराएको छ । आइतबार र सोमबार गरी दुई दिन यसबारे अभिमुखीकरण गराएको वडाध्यक्ष सुशील घिमिरेले बताउनुभयो ।

डढेलो, आगलागी र बाढी पहिरोले पार्ने असरबारे पूर्वपहिचान गर्न र न्यूनीकरण गर्न वडाभित्रका विभिन्न संघसंस्था र वडाबासीलाई अभिमुखीकरण गराएको उहाँले बताउनुभयो । अभिमुखीकरण कार्यक्रममा विजय सिंह ठकुरीले सहजीकरण गर्नुभएको थियो ।

# हेटौंडा-५ को वार्षिक बजेट तर्जुमा बारे छलफल हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ५ को आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तर्जुमाबारे छलफल हुँदैछ। मंगलबार दिउँसो २ बजे वडाको आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि छलफल हुने वडाध्यक्ष सुशील घिमिरेले जानकारी दिनुभयो ।

छलफलमा सहभागिताका लागि कार्यपालिका सदस्यहरु, वडाभित्रका राजनीतिक दलका प्रतिनिधि, सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्ष र २८ वटै टोलविकास संस्थाका अध्यक्षहरुलाई बोलाइएको वडाध्यक्ष घिमिरेले बताउनुभयो । स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शनबमोजिम प्रत्येक वर्ष असार १० गतेभित्र स्वीकृतिका लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी नगर सभामा पेश गर्नुपर्ने कानुनी व्यवस्था छ।

उक्त कानुनबमोजिम बजेट तयारीको सम्बन्धमा वडाको दैनिक कार्य सञ्चालन, नियमन, नियन्त्रण, योजना तर्जुमा, प्राथमिकता निर्धारण, कार्यान्वयन र अनुगमनसम्बन्धी छलफल हुने वडाध्यक्ष घिमिरेले बताउनुभयो। वडामा चालु आर्थिक वर्षका लागि १ करोड ८५ लाख रुपैयाँ बजेट विनियोजन भएको थियो । विनियोजित बजेट र स्वीकृत कार्यक्रमहरु सबैजसो सम्पन्न भइसकेको र केहीमात्र बाँकी रहेको वडाध्यक्ष घिमिरेले बताउनुभयो ।

## ५ ए साइड शिक्षक फुटबल
# फाइनलमा नवोदय र ब्रह्मदिक

समाज संवाददाता

हेटौंडाः ४ नम्बर वडास्तरीय शिक्षक ५ ए साइड फुटबल प्रतियोगिताको फाइनलमा नवोदय शिशु सदन मावि र ब्रह्मदिक् एकेडेमी पुगेको छ। भुटनदेवी माविको खेल मैदानमा जारी प्रतियोगिताअन्तर्गत सोमबार भएको सेमीफाइनल खेलमा श्रमिक माविलाई २-० गोलअन्तरले पराजित गर्दै ब्रह्मदिक् एकेडेमी फाइनलमा प्रवेश गरेको हो भने आमसाई स्कूललाई टाइब्रेकरमा पराजित गर्दै नवोदय फाइनलमा प्रवेश गरेको हो।

फाइनल खेल आज मंगलबार हुनेछ । प्रतियोगितामा प्रथम र द्वितीय हुने टोलीलाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने छ । हेटौंडा उपमहानगर पालिका ४ नम्बर वडाको आयोजना, शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापन तथा ब्रह्मदिक् एकेडेमीको सह-व्यवस्थापनमा फुटबल प्रतियोगिता भइरहेको छ।

# जनप्रिय मावि व्यवस्थापन समिति अध्यक्षमा बस्ताकोटी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१६ मा रहेको जनप्रिय नमुना माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)को विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा मोहनप्रसाद बस्ताकोटी चयन हुनुभएको छ। अभिभावक भेलाबाट आइतबार बस्ताकोटी अध्यक्षमा मनोनित हुनुभएको विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले जानकारी दिनुभयो ।

अभिभावक भेलाबाट ६ जना मनोनित हुनुभएकोमा बस्ताकोटी बहुमतले मनोनित हुनुभएको हो। मनोनित इन्द्रप्रसाद खतिवडा, गोविन्द दुलाल, सूर्यकला तिमल्सिना, सरस्वती गौतम, बिन्दा बिक समिति सदस्यमा चयन हुनुभएको प्रधानाध्यापक चौलागाईले जानकारी दिनुभयो। ९ सदस्य रहने विद्यालय व्यवस्थापन समितिको सदस्यसचिवमा विद्यालयका प्रधानाध्यापक रहनेछन् भने शिक्षकहरुको तर्फबाट एकजना शिक्षक प्रतिनिधि चयन हुनेछन् । साथै, सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा सदस्य समितिको सदस्य रहनेछन् ।

# सहकारी शिक्षा शिविर

समाज संवाददाता

हेटौँडाः हेटौँडा-७, नागस्वतीस्थित हेटौँडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सहकारी शिक्षा शिविर कार्यक्रम आयोजना गरेको छ। सहकारीको बार्षिक कार्यक्रम अन्तर्गत ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सोमबार हेटौँडा-१६, चिसापानीमा सहकारी शिक्षा शिविरको आयोजना गरिएको हो ।

सहकारीका अध्यक्ष ईन्द्र बहादुर बस्नेतको सभाध्यक्ष तथा वडा अध्यक्ष रामकृष्ण कोईरालाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा १०० जना शेयर सदस्य सहभागी थिए । सहकारीका उपाध्यक्ष विजय बहादुर बस्नेत, व्यवस्थापक रामशरण गौतम, कोषाध्यक्ष तथा शिक्षा समिति संयोजक पार्वती भट्ट तथा सञ्चालक सदस्य रघु प्रसाद आचार्यले शिविरमा सहजीकरण गर्नुभएको थियो । सहकारीको चिसापानी सदस्य सेवा केन्द्र अन्तर्गतका सदस्यहरुको सहभागिता रहेको कार्यक्रममा प्रमुख अतिथि रामकृष्ण कोईरालाले २०८१ सालको भित्तेपात्रो सार्वजनिक गर्नुभएको थियो ।

# प्रदेशस्तरीय महिला सम्मेलन सम्पन्न

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन सम्पन्न भएको छ । बागमती प्रदेश सरकारको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको आयोजनामा तथा उद्योग वाणिजय महासंघको संयोजनमा भएको २ दिने प्रदेशस्तरीय महिला सम्मेलन सोमबार सम्पन्न भएको हो । सम्मेलनमा महिला उद्यमीहरुको १४ वटा स्टलहरुमा विभिन्न उत्पादनहरुको प्रदर्शनी भएको थियो ।

प्रदर्शनीमा रसुवाबाट व्याग, नुवाकोबाट खाद्यान्न, धादिङबाट टोपी, दोलखाबाट कपडा, रामेछापबाट अमिलोका स्टलहरु राखिएको थियो। उद्योग वाणिज्य निर्देशनालयका निर्देशक गोविन्द पौड्यालले २ दिनसम्म सञ्चालन भएको प्रदर्शनीको कारणले महिलाले उत्पादन गरेको सामग्रीहरुमा टेवा पुगेको बताउनुभएको छ । महिला सम्मेलनमा ५ सय भन्दा बढी महिलाहरुको सहभागिता रहेको थियो।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

मकवानपुर बहुमुखी क्यामपस
मकवानपुर
सामग्री खरिद सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना
*प्रथम पटक सूचना प्रकाशित मिति : २०८0।१२।२0 गते*

यस क्याम्पस र शिक्षा बिकाश निर्देशनालय, बागमति प्रदेश, हेटौडा समेतको सहयोगमा चालु आ.व. २०८0।0८१ मा निम्न अनुसारको ICT LAB सामग्री खरिद कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त आपूर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिलः**

१. यो सूचना समृद्ध समाज राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय बेलुका ५:00 बजे भित्र राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, हेटौडामा रहेको यस क्याम्पसको चल्ति खाता नं. १३0000१३३00१ मा जम्मा गरेको रु १000।- को बैंक भौचर संलग्न गरी यस क्याम्पसको स्टोर शाखाबाट दरभाउपत्र फारम खरीद गर्न सकिने छ । सिलवन्दी दरभाउपत्र फारमको साथमा आयकर दर्ता प्रमाण-पत्र, मू.अ.कर दर्ता प्रमाण-पत्र, संस्था दर्ता प्रमाण-पत्र र आ.व.२0७९।0८0 सम्मको करचुक्ता प्रमाण-पत्रहरुको प्रतिलिपी पेश गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र साथ पेश गरिने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनुपर्नेछ ।

२. खरिद भएका दरभाउपत्रहरु १६ औं दिनको ठिक १२:00 बजे भित्र यस क्याम्पसको नाममा सम्बोधन गरी सिलबन्दी दरभाउपत्रदाताले फर्मको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना नम्बर अनुसार कामको विवरण उल्लेख गरी खाममा शिलबन्दी गरी लाहाछाप लगाई यस क्याम्पसमा दर्ता गराउन सकिनेछ ।

३. सिलवन्दी दरभाउपत्र साथ जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, हेटौँडामा रहेको यस क्याम्पसको चल्ती खाता नं. १३0000१३३00१ मा जम्मा गरेको बैंक भौचर वा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ९0 दिन मान्य अवधी रहने गरी नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको विडबण्ड (बैंक ग्यारेन्टी) संलग्न राख्नु पर्नेछ ।

४. दरभाउपत्रमा आइटमवाइज दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखीएकोलाई मान्यता दिइनेछ। केरमेट भएमा स्पष्टसँग दस्तखत भएको हुनु पर्नेछ ।

५. दरभाउपत्रमा उल्लेखित सबै आइटमहरुको मू.अ.कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ ।

६. म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २:00 बजे यस क्याम्पसको भवन निर्माण तथा खरिद समितिका प्रतिनिधिहरु र आपूर्तिकर्ता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस क्याम्पसमा खोलिने छ। आपूर्तिकर्ता वा प्रतिनिधि उपस्थित नभए पनि उक्त कार्य गर्न बाधा पर्ने छैन ।

७. सिलवन्दी दरभाउपत्र फाराम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगतै भोली पल्ट क्याम्पस खुलेको दिन उक्त कार्यहरु क्रमश गरिने छ ।

८. म्याद नाघी आएको वा रित नपुगी आएको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

१०. सिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भए बमोजिमका सबै शर्तहरु पुरा हुनु पर्नेछ ।

११. आपूर्तिकर्ता र क्याम्पस बिच कुनै विवाद भएमा क्याम्पसको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

१२. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस क्याम्पसमा सुरक्षित रहने छ ।

१३. सिलबन्दी दरभाउपत्र सम्बन्धि कुनै कुरा बुझ्न परेमा यस क्याम्पसको स्टोर शाखामा सम्पर्क गर्न सकिने छ ।

**सिलवन्दी दरभाउपत्रको विवरण**

| सि.नं | ठेक्का नम्बर | कार्य विवरण | जमानत | फारम शूल्क (पछि फिर्ता नहुने) |
|---|---|---|---|---|
| १ | २/0८0/८१ | Purchase Of ICT Lab Item | २७,५00।- | १000।- |

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ